नेपाली इसाई मण्डली

# सूचनापत्र

मासिक

जेष्ठ/आषाढ २०६६(June 2009) वर्ष १३/अंक १४७

## पवित्र आत्माले भरिएको बाइबल स्कूल - नेइम

पाष्टर सलोन कार्थक

नेपाली इसाई मण्डली (नेइम)-संग मेरो उनन्तीस वर्षको सम्बन्ध, सहभागिता र सहयात्राले जन्माएको एउटा निष्कर्श हो - कि यो प्रभुको मण्डली मात्र हैन तर एउटा बाइबल स्कूल पनि हो । प्रश्न आउँछ ? कस्तो शिक्षामा उभेको बाइबल स्कूल ? सोको प्रत्युत्तरमा मलाई सोझो र सरल उत्तर आउँछ, नेइम-पवित्र आत्माले भरिएको बाइबल स्कूल हो ।

नेइमबाट यसका समर्पित सदस्यहरू देशका विभिन्न जिल्लाहरूमा पुगेका छन् । त्योभन्दा पर विश्वका छ ओटा महादेशका विभिन्न देशहरूमा छरिएर आ-आफ्ना काम-व्यवसायमा तल्लीन छन् । ती देशहरूमा विद्यार्थीदेखि विभिन्न क्षेत्रहरूमा तालीमरत छन् । श्रमजीविदेखि सीपमूलक कामदारहरू छन्, व्यापारीहरूदेखि अनेकौं उच्चतम् पेशागत क्षेत्रहरूमा कार्यरत छन् । उनीहरूको निम्ति मण्डलीले दिनहुँ जोडदार प्रार्थना गरेर आफ्नो एउटा विशेष उत्तरदायित्व पूरो गर्न सकेका छन् ।

तर यो अति खुशीको विषय छ कि जहाँ-जहाँ हाम्रा मण्डलीका सदस्यहरू पुगेका छन् - अधिकतम् स्थानहरूमा स्थापित ख्रीष्टिय संगति र मण्डलीहरूमा स-साना नेइम जस्तै संगति र मण्डलीहरू शुरू भएका छन् । नेइममा सिकेका वचन, स्तुतिप्रशंसा, आत्मिक जीवनका आशिष् एवं नेइमको मण्डली जीवनलाई पदस्थापना गर्ने काममा स्वत:नै कार्यान्वयन गरेका समाचार र तथ्यहरू परिलक्षित भएका छन् । गत वर्ष यो पंक्तिकार बेलायतमा पुग्दा नेइमका भाइ-बहिनीहरूलाई भेट्ने र संगति गर्ने अवसर प्राप्त हुन्छ । उनीहरूसँग बिताएका संसर्ग, संगति, संवाद प्रभृतिबाट थाहा पाउँछु कि कस्तरी उनीहरूले नेइममा रहँदा सिकेका शिक्षा र संगतिको परिणामले विदेशको भूमिमा पनि नेइममा जस्तै सेवा-संगतिहरूमा सक्रियतासँग सहभागी भएर लागिपरेका छन् । संगति नभएका वा नेतृत्व नभएका स्थानहरूमा सोको पदपूर्ति गर्नुमा प्रभुले उनीहरूलाई प्रयोग गर्नुभएको साक्षी सुन्छु, देख्छु ।

त्यस्तरी नै नेइमका सदस्यहरू छिमेकी भारतको विभिन्न स्थान र शहरहरूतिर बसोबास साथै काम व्यवसायले पुगेका कुरा जगजाहेर छ । उनीहरूले त्यहाँ-त्यहाँ स-साना नेइम साथै नेइममा सिकेका शिक्षा र संगतिका अनुभवहरू पनि बोकेर लगेका छन् । प्रयोगमा वा व्यवहारमा उतारेका छन् । हालैमा मेरो भेट्घाट भारतका शहरहरूमा र खासगरी नेपालीहरूको माझमा सेवकाई गर्नुहुने एकजना प्रभुका दाससँग भारतमानै हुन्छ । उहाँको भन्ने कुरो हुन्छ, "दाइ, ज्ञानेश्वर चर्चको फलानो भाइले यो शहरमा ज्ञानेश्वर चर्चनै ल्याएको छ । त्यहाँ सिकेका शिक्षा, मण्डली व्यवस्थापनका कुराहरू उनले यो शहरका मण्डलीमा शुरू गरेका छन् । घरेलु संगति, नेतृत्व विकास र जिम्मावारीका बाँडफाँडहरू सही ढंगमा गर्नुभएर यहाँका मण्डली विस्तारका क्रममा धेरै अगाडि पुग्न र पुऱ्याउनुभएको छ ।"

काठमाडौं उपत्यकामा सयौंभन्दा बढी बाइबल स्कूल र बाइबल तालीम केन्द्रहरू छन् । यहाँ देशका पचहत्तर जिल्लाबाट र छिमेकी भारत, भुटान देशहरूमा पनि अध्ययन गर्न विद्यार्थीहरू आउँछन् । यी विद्यार्थीहरू शनिबारको आराधना सेवामा नजीकको वा अध्ययनरत बाइबल स्कूलसँग सम्बन्धित मण्डलीहरूमा उपस्थित भई आराधना सेवामा संलग्न हुन्छन् । यो अपवाद छ कि मैले थाहा पाएअनुसार एउटा बाइबल स्कूलका विद्यार्थीहरू चाहिँ प्रत्येक हप्ता नेइमको आराधना सेवामा उपस्थित हुन्छन् । यद्यपि यो स्कूल नेइमद्वारा स्थापित र सञ्चालित छैन । यस स्कूलको प्रिन्सिपलको तर्क छ - "म मेरा विद्यार्थीहरूलाई नेइममा हप्ता-हप्ता पठाउँछु किनकि हाम्रा बाइबल स्कूलमा सिकेका शिक्षा र तालीमहरूभन्दा नेइमको सेवा र विभिन्न संगतिबाट सिकेका सम्पूर्ण कुराहरू नै आफ्ना गाउँ र जिल्लाहरूमा फर्केर प्रयोगमा ल्याएका छन् ।" उहाँ अझ थप्नुहुन्छ, "यो तथ्य मलाई विद्यार्थीहरू वा त्यहाँ सेवारत पाष्टरहरूले सुनाएका मात्र छैनन् - तर म स्वयं उनीहरूको स्थानीय मण्डलीमा पुगेर थाहा पाउन सकेको हुँ ।"

मलाई लाग्छ, नेइम हाम्रो लागि एउटा असल र सही बाइबल स्कूल हो र भएको छ । कतिजनाको लागि बाइबल स्कूल पढ्न जाने मौका भएन वा छैन । मेरो लागि पनि नेइम बाइबल स्कूलनै ठहर भएको छ । बितेका उनन्तीस वर्षको सेवकाईमा उच्च धर्मविज्ञान अध्ययन गर्ने आवश्यक्ताको बोध नभएको हैन । सोको औपचारिक अध्ययन गर्ने इच्छा नजन्मिएको वा योजना नगरिएको पनि हैन तर समय, स्थिति र विभिन्न जिम्मावारी हातमा सदैव रहेकोले सो यहाँसम्म आइपुग्दा अपूर्ण नै भएर आएको छ । तर महत्त्वपूर्ण कुरो यो भएको छ कि मैले नेइम बाइबल स्कूलको एकजना विद्यार्थी हुने मौका पाएको छु । यो मेरो जीवनपर्यन्तको लागि अतिनै उच्च उप्लब्धी, आत्म सन्तुष्टिको उपहार भएको छ । मेरो सेवकाइको निम्ति बलियो औजार भएको छ ।

मेरो र परिवारको लागि नेइमबाट दीक्षित हुने समय आएको छ । मेरो प्रार्थना र कामना छ - पवित्र आत्माले भरिएको बाइबल स्कूल नेइमका उत्पादनहरू जहाँ-जहाँ छौं र हुनेछौं त्यहाँ-त्यहाँ प्रभुको मण्डली विस्तारमा आ-आफैलाई समर्पण गरिरहौं ।

**जुन महिनादेखि हाम्रो इमेल सम्पर्क :**

ehimalayanc@gmail.com

rongpandi@gmail.com

### जानकारी

एश्री होम कन्सर्नका निर्देशक/नेइम ज्ञानेश्वर मण्डलीको **पाष्टर श्री सलोन कार्थक, डीकनेस श्रीमती रेबिका कार्थक** नेपालको २९ वर्षको लामो सेवकाईपछि परिवारसहित जेष्ठ २५ गते/जुन ८ तारिख सोमबार भारतको कालिम्पोङ फर्कदै हुनुहुन्छ । उहाँहरूले नेपालमा गर्नुभएको सेवकाई साथै नेइम ज्ञानेश्वर मण्डलीलाई दिनुभएको साथ, सेवकाईको क्षेत्रमा पुऱ्याउनुभएको सहयोगको लागि परमेश्वर पितालाई धन्यवाद दिन्छौं । आउँदा दिनहरूमा कालिम्पोङमै रहि पूर्वी हिमाली क्षेत्रहरूमा साथै नेपालको पूर्वी भागमा गर्नुहुने सेवकाइमा पवित्र आत्मा परमेश्वरबाटको प्रशस्त आशिष् रहेको होस् भनी प्रार्थना गर्दछौं । मण्डली परिवारलाई पनि उहाँको परिवार र सेवकाईको लागि प्रार्थनामा सम्झिदिनुहुन अनुरोध गर्दछौं ।

# अगापे मिशन अगुवा सम्मेलन-२०६६

अगापे संगति अन्तर्गतका मण्डलीहरूको वार्षिक सम्मेलन गत मे १८-२० तारिख, तदनुसार जेठ ४-६ गतेसम्म नेइम, ज्ञानेश्वर चर्च, कालोपुल, काठमाडौंमा सम्पन्न भयो साथै मे २१-२२ तारिख तदनुसार जेठ ७ र ८ गते नेइमका शाखा/आबद्ध मण्डलीका अगुवाहरूको लागि नेतृत्व विकास तालिम पनि सम्पन्न भयो ।

पाष्टर सामुएल कार्थकको अगुवाइमा भएको स्तुति प्रशंसापछि बेलुकी सम्मेलन शुरू भएको थियो । देशका विभिन्न भागबाट आउनुभएका अगापे खीष्टिय संगतिका अगुवाहरूलाई स्तुति प्रशंसाले ताजा बनाएपछि सबै सहभागीहरू परमेश्वरको नयाँ काम देख्न र आत्माको दोब्बर भाग पाउन तयारी थिए ।

पाष्टर एस. सोदेम्बाको प्रार्थनापछि पाष्टर राजेन्द्र कुमार रोंगोंगले सहभागी मण्डलीका अगुवाहरूलाई स्वागत र परिचय गर्नुभयो । नेइम र अगापेको संयुक्त पहलमा यो सम्मेलन हुन लागेको जानकारी दिँदै उहाँले सम्मेलनको वक्ता पाष्टर चार्ल्स स्मिथको परिचय पनि दिनुभयो र पाष्टर बर्णबास श्रेष्ठले उहाँलाई खदा लगाएर स्वागत गर्नुभयो ।

त्यसपछि आगापे खीष्टिय संगतिका अध्यक्ष पाष्टर एस. सोदेम्बाले झापादेखि कञ्चनपुरसम्मका सबै सहभागीहरूलाई उठाएर स्वागत गर्नुभयो साथै अगापे संगतिको संक्षिप्त इतिहास र परिचय पनि दिनुभयो । त्यसपछि पाष्टर गुरुबा रोबर्ट कार्थकको प्रार्थनापछि पाष्टर चार्ल्सले परमेश्वरको वचन ल्याउनुभएको थियो ।

वक्ताले प्रेरितीय मिशनको बारेमा सम्मेलनभरि नै बोल्नुभयो भने अनुवाद पाष्टर महेश थाँजू र डीकन दिल थापाले गर्नुभएको थियो । उहाँले प्रेरितीय मिशनका निम्न आठ सिद्धान्तहरूको बारेमा बताउनुभयो:

१. पवित्र आत्माको शक्ति २. मण्डली र काम ३. अर्को पुस्तालाई तयार पार्नु ४. शान्तिको मानिस ५. साझेदारी ६. पितृत्व ७. प्रेरितीय केन्द्रको मिशन ८. गरिबका लागि काम ।

## जानकारी

ईश्वरीय शास्त्रसम्बन्धी उच्च शिक्षा अध्ययन गर्न फिलिपिन्समा ३ वर्षको लागि **डीकन सिमोन पाठक** र **श्रीमती रीना पाठक** वैशाख ३० गते/मे १३ ता. बुधबार जानुभयो साथै **डीकन घनश्याम दाहाल** ईश्वरीय शास्त्र अध्ययन गर्न भारतको महाराष्ट्र पुनेमा ४ वर्षको लागि जेष्ठ १९ गते/जुन २ ता. मंगलबार जानुभयो ।

वक्ताले आफ्नो प्रवचनको मुख्य खण्ड प्रेरितको पुस्तकबाट लिनुभएको थियो भने पावल तथा उनको सेवकाई र शुरूको मण्डली स्थापना बारेमा प्रकाश पार्नुभएको थियो । सम्मेलनमा विभिन्न ठाउँका मण्डलीहरूको प्रतिवेदन प्रस्तुत गरिएको थियो । पाष्टर महेश थाँजु र पाष्टर बि.बि. खवासले व्यावहारिक शिक्षाको बारेमा बोल्नुभएको थियो । सम्मेलनको अन्तिम दिन बेलुकी आदरणीय पाष्टर रोबर्ट कार्थक गुरुबाद्वारा प्रभुभोजको संगति सम्पन्न भएको थियो ।

उक्त सम्मेलनमा नेइम स्थानिय मण्डलीहरूबाट १६० जना, नेइम शाखा/आबद्धबाट ११२ जना र अगापे अन्तर्गत रहेका मण्डलीहरूबाट ६२ जना गरि जम्मा ३३४ जना अगुवाहरूले भाग लिनुभएको थियो । अगापे सम्मेलन सकिएको लगत्तै भोलि पल्ट अर्थात् बिहीबार बिहानदेखि नेइमअन्तर्गत शाखा/आबद्ध मण्डलीको लागि दुई दिनको नेतृत्व विकास तालिम राखिएको थियो । लगभग ११० जनाले भाग लिनुभएको उक्त तालिममा पाष्टरहरू: महेश थाँजु, सामुएल कार्थक, बर्णबास श्रेष्ठ तथा प्रेम श्रेष्ठले कक्षाहरू लिनुभएको थियो ।

समग्रमा यसपालिको अगापे मिशन अगुवा सम्मेलन अत्यन्तै आशिषमय र फलदायी भयो । हामी सबै नै प्रभुको महान आज्ञा पूरा गर्दै जाति-जातिलाई प्रभु चिनाउनुपर्छ भन्ने सन्देशका साथ मिशन सम्मेलन सम्पन्न भयो । अर्को वर्षको अगापे अगुवा सम्मेलन ज्ञानेश्वर चर्चमा नै आयोजना गरिने जानकारी गराइयो ।

## बधाई

शिक्षण अस्पतालमा कार्यरत नेपाली इसाई मण्डलीको सदस्य **डा. प्रदिप श्रेष्ठले** चिकित्सा शास्त्रमा एम.डी. पास गर्नुभएकोमा मण्डलीको तर्फबाट हार्दिक बधाई ज्ञापन गर्दछौं ।

## जानकारी

१. वैशाख १९ गते/मे २ ता. शनिबार नेइम ज्ञानेश्वर मण्डलीको ४१ जना विश्वासीहरूले मण्डलीमा समर्पण गर्नुभयो ।

२. वैशाख २७ गते/मे १० ता. आइतबार भोटेबहाल स्थित कारागारभित्र विश्वास गर्नुभएको १० जना विश्वासी दिदी बहिनीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

३. जेष्ठ ३ गते/मे १८ ता. आइतबार नेइम गोंगबूँ मण्डलीको २० जना विश्वासीहरूले पानीको बप्तिस्मा लिनुभयो ।

## साप्ताहिक सेवा संगति

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ८:०० र ११:०० बजे | ज्ञानेश्वर |
| | शनिबार | बिहान ९:०० र ११:०० बजे | ललितपुर |
| | शनिबार | बिहान १०:३० बजे | जोरपाटी, गोंगबूँ, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुर्जुधारा, सिर्जनानगर भक्तपुर र रानीपौवा |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एकपल्ट | ज्ञानेश्वर, ललितपुर, सिर्जनानगर भक्तपुर, गोगबूँ |
| | | महिनामा दुईपल्ट | जोरपाटी |
| घरेलु संगति | बुधबार, बिहीबार, शुक्रबार साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बाानेश्वर |
| | सोमबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, नाङलेभारे, गाम्छा, नयाँपाटी, गोंगबूँ र पनौती |
| | मंगलबार | बिहान ६:०० बजे | धापासी र बौद्ध-बज्रनगर, सिर्जनानगर भक्तपुर, कमलाक्षी |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, पनौती, सरस्वतीनगर, गुर्जुधारा, भैंसेपाटी |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ, कमलाक्षी |
| | शुक्रबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, जोरपाटी, गोंगबूँ, पनौती, कालीमाटी र गाम्छा |

## शनिबार आराधना सेवामा वचन बोल्नेहरुको नामावली

| मिति | ज्ञानेश्वर | ललितपुर | जोरपाटी | गोंगबूँ | पनौती | नगरकोट | जहरसिंह पौवा | सिर्जनानगर | गाम्छा | गुर्जुधारा | रानीपौवा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जेष्ठ ३० गते, जुन १३ ता. | पाष्टर महेश थाँजु | डीकन सिमोन खालिङ | पाष्टर एस. सोदेम्बा | पाष्टर रोबर्ट कार्थक | पाष्टर बि.बि. खवास | श्री मान ब. मगर | डीकन जमान तामाङ्ग | पाष्टर अशोक मुखिया | पाष्टर प्रेम श्रेष्ठ | श्री किशोर राई | सुश्री अनिता के.सी. |
| असार ६ गते, जुन २० ता. | पाष्टर सामुएल कार्थक | डीकनेस् सीता गुरूङ्ग | पाष्टर रोबर्ट कार्थक | पाष्टर महेश थाँजु | डीकन रूबेन श्रेष्ठ | डीकन पूर्ण सुनुवार | श्री रवि श्रेष्ठ | डीकन अर्जुन ढकाल | संयुक्त सेवा जोरपाटी चर्च | श्री कुमार खालिङ | श्री तीर्थ रम्तेल |
| असार १३ गते, जुन २७ ता. | पाष्टर सामुएल कार्थक | पाष्टर रोबर्ट कार्थक डीकन श्यामकृष्ण रंजित | पाष्टर बि.बि. खवास | पाष्टर बर्णबास श्रेष्ठ | डीकनेस् श्रीलक्ष्मी सैंजु | पाष्टर अशोक मुखिया | डीकन गोपी राई | श्री पदम ब. राई | डीकन सागर थापा | श्री भीम खालिङ | सुश्री साबित्री तामाङ्ग |
| असार २० गते, जुलाई ४ ता. | पाष्टर रोबर्ट कार्थक | पाष्टर दफ्तन सादा | पाष्टर एस. सोदेम्बा | पाष्टर बर्णबास श्रेष्ठ | श्री सिमोन भण्डारी | संयुक्त सेवा ज्ञानेश्वर चर्च | श्री कृष्ण श्रेष्ठ | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पाष्टर प्रेम श्रेष्ठ | संयुक्त सेवा ललितपुर चर्च | संयुक्त सेवा गोंगबूँ चर्च |

### हार्दिक बधाई



**श्री प्रयास जङ्ग पुन**
**र**
**सुश्री प्रमिला तामाङ्ग**

वैशाख २८ गते/मे ११ ता. सोमबार नेइम जोरपाटी चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### हार्दिक बधाई



**श्री निराकर**
**र**
**सुश्री निर्मला पुन**

वैशाख ३० गते/मे १३ ता. बुधबार नेइम गोंगबूँ चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

### हार्दिक बधाई



**श्री गणेश बहादुर मगर**
**र**
**सुश्री सीता तामाङ्ग**

जेष्ठ १५ गते/मे २९ ता. शुक्रबार नेइम घोर्थली चर्चमा पवित्र विवाह सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## प्रार्थनाका विषयहरू

१. देशको राजनैतिक, सामाजिक, आर्थिक, भौतिक सम्पूर्ण क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नति, प्रगति आएको होस् भनी देशको लागि प्रार्थना गरौं ।

२. असामाजिक तत्वहरूबाट मण्डलीहरूलाई आएको डर, त्रास, धम्की, आतंक जस्ता परिस्थितिहरूमा परमप्रभु परमेश्वरबाटको सुरक्षाको साथै होशियारीको लागि स्वर्गीय ज्ञान, बुद्धि मागौं ।

३. नेपालका सुसमाचार पुग्न नसकेका गाउँ, जिल्लाहरूमा र मण्डली स्थापना हुन नसकेका ठाउँहरूमा सुसमाचार पुग्न सकोस् र मण्डली स्थापना भएको होस् ।

४. मण्डलीलाई अगुवाई गर्न नेइमका विभिन्न विभागहरू तथा स्थानीय व्यवस्थापन समितिमा हुनुभएकाहरूको लागि साथै पुरूष, महिला, युवा, बाल संगति, घरेलु संगति, मिशनको क्षेत्रहरू अझ आशिषित भएर जान सकून् भनी प्रार्थना गरौं ।

५. मिशनेरी भएर विभिन्न ठाउँमा सेवकाईको लागि जानुभएकाहरूको सेवकाई, परिवार, शुरू भएको संगति भुण्डको लागि साथै उहाँहरूको सेवकाईद्वारा अझ धेरै प्रभुको राज्यमा आउन सकून् भनेर प्रार्थना गरिदिऔं ।

६. मंगलबार हुने आत्मिकी तथा चंगाई सेवाद्वारा जागृति, चंगाई, छुट्कारा, आत्माको नविकरण, ताजापन, उत्साह, चिन्ह र आश्चर्यकर्म देख्न सकौं जसको कारण मण्डली अझ साक्षी र गवाही भई अझ धेरै मानिसहरूलाई प्रभुको राज्यमा ल्याउनेहरू हुन सकौं ।

७. विदेशमा रोजगार, पढाईको लागि जानुभएकाहरूले आफ्नो काम, पढाईको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् र उहाँहरू कुनै न कुनै संगतिमा रहन सकून् साथै उहाँहरूको परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

८. शाखा/आबद्ध मण्डलीका अगुवा गुरूजनहरू, उहाँहरूको परिवार, सेवकाई साथै मण्डलीका सम्पूर्ण आवश्यकता र विश्वासीहरूको लागि प्रार्थना गरिदिऔं ।

## जुन महिनाको कार्यक्रम

☞ जेष्ठ ३१ गते/जुन १४ ता. आइतबार **महिला अगुवा तालिम** बिहान १०:०० बजे नेइम ललितपुर मण्डलीमा

☞ आषाढ १ गते/जुन १५ ता. सोमबार **महिला उपवास प्रार्थना** बिहान १०:०० बजे आ-आफ्नै मण्डलीमा

☞ आषाढ ६ गते/जुन २० शनिबार दिउँसो २:००-५:०० बजेसम्म र आषाढ ७ गते/जुन २१ ता. आइतबार बिहान १०:००-५:०० बजेसम्म **नेतृत्व विकास तालिम** ज्ञानेश्वर मण्डलीमा

# दैनिक प्रार्थनाका विषयहरू

| बार | | | | |
|---|---|---|---|---|
| **आइतबार SUNDAY** | **२४ 7**<br>देशमा देखिएको मण्डलीप्रति डर, धम्की, असुरक्षामा परमप्रभुबाटको सुरक्षा साथै सुरक्षाको लागि ज्ञान, बुद्धि मागौं ।<br>भजनसंग्रह १२५:१-२ | **३१ 14**<br>भोलि हुने महिला उपवास प्रार्थना सभाहरूमा चढाएका प्रार्थनाद्वारा परिवार-परिवारमा अझ धेरै आशिष आउन सकून् ।<br>यशैया ५५:६-७ | **७ 21**<br>मण्डलीका सबै विश्वासीहरू सुसमाचार सुनाउनेहरू मात्र होइन तर जीवनको असल साक्षीद्वारा गवाही दिनेहरू पनि बन्न सकौं ।<br>३ यूहन्ना १-६ | **१४ 28**<br>नेपाल देशमा भएका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि बल, साहस र पवित्र आत्माको अगुवाई मागिदिऔं ।<br>यहोशू १:६-९ |
| **सोमबार MONDAY** | **२५ 8**<br>प्रत्येक विश्वासीहरूको व्यक्तिगत, पारिवारिक र मण्डलीसँग मिलेर गरिने प्रार्थनाको मूल्य चुकाई अझ बढेर गएको होस् ।<br>यशैया ६२:६ | **१ आषाढ 15**<br>हामी सबै खीष्ट प्रभुलाई जीवनको आखिरी घडीसम्मै प्रेम गरिरहन र उहाँको भएर जिउन सकौं भनेर अनुग्रह मागौं ।<br>२ तिमोथी ४:१-८ | **८ 22**<br>मण्डलीका सबै विश्वासीहरू परमप्रभु परमेश्वरलाई सत्यतामा पुकार्ने, उहाँको भय मान्ने र उहाँलाई प्रेम गर्नेहरू हुन सकून् ।<br>भजनसंग्रह १४५:१७-२० | **१५ 29**<br>बप्तिस्मा नलिएकाहरूले प्रभु येशू खीष्टलाई साँचोसँग पछ्याउने निर्णय लिएर बप्तिस्माको कदम उठाउन सकून् ।<br>यूहन्ना १०:२७-२९ |
| **मंगलबार TUESDAY** | **२६ 9**<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरूको सेवकाईमा आत्माको नवीन जोश, उत्साह र नयाँ अभिषेक मागिदिऔं ।<br>यूहन्ना १५:१६ | **२ 16**<br>मण्डलीमा विभिन्न क्षेत्रहरूमा सेवकाई पुऱ्याउनको लागि प्रभुले नै ठीक-ठीक सेवक/सेविकाहरू दिनुभएको होस् ।<br>मत्ती ६:९-१० | **९ 23**<br>आफूले पाएका विभिन्न वरदानहरू प्रेम र नम्रतामा मण्डली निर्माणको लागि सबैले परमेश्वरको महिमाको लागि चलाउन सकून् ।<br>रोमी १२:६-८ | **१६ 30**<br>हामी कोही पनि विश्वासमा कमजोर भएकाहरूको न्याय गर्ने होइन तर उनीहरूको निम्ति बोझसहित प्रार्थना गर्नेहरू हुन सकौं ।<br>रोमी १५:१-७ |
| **बुधबार WEDNESDAY** | **२७ 10**<br>सबै घरेलु संगतिहरूमा एक-अर्कालाई सहयोग, सहायता र उत्साह दिंदै एक आपसमा घनिष्ठता अझ बढेर गएको होस् ।<br>हिब्रू १०:२४-२५ | **३ 17**<br>रोग-बिमार, चिन्ता, फिक्री, अभाव, घटी, मुद्दा मामिला साथै अन्य समस्याहरूमा रहेकाहरूको निम्ति प्रार्थना गरिदिऔं ।<br>भजनसंग्रह ४२:१-११ | **१० 24**<br>यी आखिरी दिनहरूमा संसारका धेरै निराश गर्ने कुराहरूबाट पवित्रआत्मा परमेश्वरले नै सबै विश्वासीहरूलाई स्थिर र अटल रहन सहायता गरून् ।<br>मत्ती २४:३-१३ | **१७ 1**<br>नेइम परिषद्का सबै गुरूजनहरूको सेवकाई, परिवार, काम, व्यवसाय सम्पूर्ण कुराहरूमा परमेश्वरको आशिष मागिदिऔं ।<br>भजनसंग्रह १६:७-९ |
| **बिहीबार THURSDAY** | **२८ 11**<br>बेथानी आश्रममा बस्नुहुने बज्यैहरू साथै मण्डलीमा रहेका वृद्ध/वृद्धाहरू परमेश्वरमा सधैं आनन्दित जीवन जिउन सकून् ।<br>फिलिप्पी ४:४-७ | **४ 18**<br>मण्डलीको सबै बा, दाजु भाइहरू परमेश्वरलाई प्रेम गर्नेहरू भई घर परिवार, मण्डली र समाजमा आशिषको कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ | **११ 25**<br>मण्डलीका सबै जवानहरूको शिक्षा, काम-व्यवसाय, विवाह र आत्मिकी जीवनको सबै क्षेत्रमा आशिष मागिदिऔं ।<br>फिलिप्पी ४:१९ | **१८ 2**<br>बाल संगतिका बाल-बालिकाहरू आत्मिक जीवनको साथै पढाई, स्वास्थ्य, सुरक्षा जस्ता सबै क्षेत्रमा प्रशस्त आशिष मागिदिऔं ।<br>यशैया ६१:८-९ |
| **शुक्रबार FRIDAY** | **२९ 12**<br>भोलि नेपाल देशभरि आराधना सेवाहरूमा पवित्र आत्मा परमेश्वरको गहिरो काम मण्डलीको जीवनमा मागौं ।<br>प्रेरित २:४६-४७ | **५ 19**<br>भोलि प्रचारिने वचनद्वारा वचन सुन्ने हरेकको जीवनमा आत्मा एउटा नयाँ काम भएको होस् ।<br>हिब्रू ४:१२ | **१२ 26**<br>भोलिको आराधना सेवामा मण्डली परिवार सबैजना मिलेर पूरा शक्तिले परमेश्वरको आराधना गर्न सकौं ।<br>भजनसंग्रह ११८:२८-२९ | **१९ 3**<br>भोलि नेपालभरि हुने आराधना सेवामा परमेश्वरको जीवित उपस्थिति प्रत्येकले थाहा गर्न सकून् ।<br>लेवी २६:१२-१३ |
| **शनिबार SATURDAY** | **३० 13**<br>सरकारी, इसाई संघ-संस्थाहरूमा सेवकाई गरी राख्नुभएका साथै विभिन्न व्यापार, व्यवसाय गर्नेहरू आफ्नो कामप्रति इमान्दार हुन सकून् ।<br>हितोपदेश ११:१ | **६ 20**<br>स्कूल, क्याम्पस, उच्च शिक्षाको साथै विभिन्न तालिम लिइराख्नुभएकाहरूको पढाई साथै तालिमहरूमा आशिष मागिदिऔं ।<br>हितोपदेश ३:१-६ | **१३ 27**<br>शनिबारको आराधना सेवा साथै अन्य सेवा संगतिहरू मण्डलीले राखेको कार्यक्रम नभएर आत्मिक रूपमा बढ्दै जाने सेवा संगति हुन सकोस् ।<br>मत्ती ६:१-४ | **२० 4**<br>परमेश्वरको वचन सुन्न, बुझ्न र सुनेको वचनलाई मनन गरी त्यसअनुसार जिउनलाई बाधा दिने सबै अन्धकारका कुराहरूको विरूद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८-१९ |

*म तँलाई शिक्षा दिनेछु, तँ कुन मार्गमा हिँड्नुपर्ने सो तँलाई सिकाउनेछु । म तँलाई परामर्श दिनेछु र तँमाथि नजर राख्नेछु समझै नभएको घोडा अथवा खच्चरजस्ता तिमी नहोऊ, जसलाई रोक्न लगाम र डोकरि चाहिन्छन्, नत्रता तिनीहरू तेरो बशमा आउनेछैनन् । दुष्टहरूले धेरै कष्ट भोग्नुपर्नेछ, तर पर मप्रभुमा भरोसा राख्नेहरूलाई भने अचूक कृपाले घेर्नेछ ।*

भजनसंग्रह ३२:८-१०

प्रकाशक: नेइम [illegible] पो.ब. ९९३, काठमाडौं, नेपाल फोन नं. ४४१४४८९/४४२१७२ email:nim@wlink.com.np, www.nim.org.np